विधेयक संख्या :

मिति: २०८२-०३-०८

## आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि फालेलुङ गाउँकार्यपालिकाको संचित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको

# विधेयक

**२०८२**

**फालेलुङ गाउँपालिका गउँसभा सचिवालय**

**थकेपुङ, पाँचथर**

# उद्‌देश्य र कारण

आर्थिक वर्ष २०८२/८३ को लागि फालेलुङ गाउँपालिका अन्तर्गत विभिन्न निकायले गर्ने सेवा कार्यको लागि संचित कोषबाट रकम खर्च गर्ने सम्बन्धि अधिकार दिन र सो विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नुपरेको हो।

प्रस्तुत विधेयकले गाउँपालिकाको सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा तथा कार्यको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ।

यस विधेकलाई अर्ध सम्बन्धि विधेयकको रुपमा गाउँसभामा प्रस्तुत गरिएको छ।

महेन्द्र हाङ जवेगु (फुङ्‌निमा)
उपाध्यक्ष
फालेलुङ गाउँकार्यपालिकाको कार्यालय
थकेपुङ, पाँचथर।

## फालेलुङ गाउँपालिका, पाँचथर को आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक

**गाउँ सभाबाट स्वीकृत मिति: २०८२-०३-०८**

**प्रस्तावना :** फालेलुङ गाउँपालिका, पाँचथर २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम फालेलुङ गाउँपालिका, पाँचथरको गाउँ सभाले यो बिधेयक बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस बिधेयकको नाम "फालेलुङ गाउँपालिका, पाँचथरको विनियोजन बिधेयक, " रहेको छ।

(२) यो बिधेयक २०८२ श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८२/८३को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५४,४१,४५,७०१.०० (अक्षेरुपी रुपैयाँ चौवन्न करोड एकचालिस लाख पैतालिस हजार सात सय एक मात्र|) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३ . **विनियोजन :** (१) यस विधेकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को निमित्त फालेलुङ गाउँपालिका, पाँचथरको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

फालेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय पाँचथर
कार्यालयको कोड : ८०१०२५०३३००

Details of income and expenditure

आ.व. : २०८२/८३

| शीर्षक | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को संशोधित अनुमान | आ.व. २०८२/८३ को अनुमान |
|---|---|---|---|
| आय | ४९८११०२००.४५ | ५२१३१४०००. | ५४३०९०७०१. |
| राजस्व | ९०३४८२००.४५ | १०८५५७०००. | ११५१६०७०१. |
| आन्तरिक श्रोत | ९३९०८९३.७४ | ८१०००००. | १३००००००. |
| ११३१३ सम्पती कर | १४४४७५. | १५००००. | ३०००००. |
| ११३१४ भुमिकर/मालपोत | १४४१८६१.८ | १८०००००. | १८०००००. |
| ११३१७ वहाल कर | ३८०३०७. | १८००००. | २७००००. |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १००. | | |
| ११४७९ अन्य मनोरञ्जन कर | ९०००. | ० | १००००. |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ४५३५०. | ० | २०००००. |
| ११६२१ व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ५००. | | |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३१२५०. | १०००००. | १५००००. |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | २००. | ० | १००००. |
| ११६९१ अन्य कर | १०३६८०४.७३ | ८००००. | १६००००. |
| १४१९१ पर्यटन शुल्क | २०००. | ० | २४८०००. |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | २६४००. | १०००००. | २८५००००. |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ४२००. | २००००. | ३००००. |
| १४२१८ विद्युत सेवा शुल्क | ४००. | | |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ४४६०५. | १०००००. | १४९०००. |
| १४२२१ न्यायिक दस्तूर | २५००. | १००००. | १५०००. |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | १३७०००. | १५००००. | २२५०००. |
| १४२२४ परीक्षा शुल्क | ५२००. | ६०००. | ९०००. |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | | ० | १०००००. |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५४६६५. | ५००००. | १५००००. |
| १४२४२ नक्सापास दस्तुर | २४००. | १२०००. | १२०००. |
| १४२४३ सिफारिश दस्तुर | २७९३६५२. | ३००००००. | ३००००००. |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २०९६६००. | १५००००. | ३०००००. |
| १४२४५ नाता प्रमाणित दस्तुर | ७१५५०. | ७००००. | १७५०००. |
| १४२४९ अन्य दस्तुर | ६२९५१४.८१ | १४७८०००. | १४७८०००. |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३०९७५. | २५०००. | ६२५००. |
| १४२६५ अन्य क्षेत्रको आय | ४८९०. | ६०००. | १२०००. |
| १४३११ न्यायिक दण्ड जरिवाना र जफत | ३५००. | ३०००. | ४५००. |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | | ० | १००००. |
| १४६११ व्यवसाय कर | ४४८०१. | ३१००००. | ६२००००. |
| १५११२ निकासा फिर्ता | १०००. | | |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ८११७८७९०.७१ | १००४५७०००. | १०२२१५७०१. |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | | ३०००००. | ३०००००. |

| | | | |
|---|---|---|---|
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५६७५६५१४.९४ | ६९९८०४२८. | ७०८९७२७६. |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | १९४५२४७९.४१ | २५४१९५७२. | २३६३२४२५. |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ४३३९३४४.०५ | ४५३७०००. | ६६८६०००. |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | १२०००. | ३०००. |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | ८०००. | ५०००. |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ६७५५.३१ | | |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | २६९३२२.६ | | |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ९९७९२. | २०००००. | ६३७०००. |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | ३३०९८.४ | | |
| ३३३६६ दहत्तर बहत्तर शुल्क | १६६३२०. | | |
| ३३३९१ अन्य बाँडफाँड हुने राजश्व संकलन | ५५१६४. | ० | ५५०००. |
| अन्य आय | ३४५१९२.४ | ३०००००. | ६५००००. |
| १४५२९ अन्य राजस्व | ७२००. | १०००००. | १५००००. |
| १५१११ बेरूजू | ३३७९९२.४ | २०००००. | ५०००००. |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ४०७७६२०००. | ४१२७५७०००. | ४२७९३००००. |
| संघीय सरकार | ३७४०७००००. | ३७१८५७०००. | ३९४९०००००. |
| १३३११ समानिकरण अनुदान | ८७९७८०००. | ९५००००००. | १०२७०००००. |
| १३३१२ शसर्त अनुदान  चालु | २२७४९२०००. | २३५६१४०००. | २४३३०००००. |
| १३३१३ शसर्त अनुदान  पुँजीगत | ४४१०००००. | २५७४३०००. | ३०९०००००. |
| १३३१४ विषेश अनुदान चालु | ८००००००. | ० | ११२०००००. |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ६५०००००. | १५५०००००. | ६८०००००. |
| प्रदेश सरकार | ३३६९२०००. | ४०९०००००. | ३३०३००००. |
| १३३११ समानिकरण अनुदान | ५७११०००. | ५६९५०००. | ८९११०००. |
| १३३१२ शसर्त अनुदान  चालु | ४१५७०००. | ३६८१०००. | १७४९०००. |
| १३३१३ शसर्त अनुदान  पुँजीगत | १३८२४०००. | २३०७४०००. | १२३७००००. |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १००००००००. | ८४५००००. | १००००००००. |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | |
| | | | |
| व्यय | ४७६०२०६१८.७९ | ५२७७८८०००. | **५४४१४५७०१.** |
| चालु | ३३१९२७६७६.७९ | ३६५७८१३०५. | ४३३१५१७०१. |
| २११११ पारिश्रमिक कर्मचारी | २०४६४४२४८.८८ | ४७९९५५००. | १९०९३०७६०. |
| २११२१ पोशाक | ७२००००. | ९४००००. | ८८२५००. |
| २११२३ औषधीउपचार खर्च | ४८००००. | ० | २३००००. |
| २११३१ स्थानीय भत्ता | ३०७९७७. | ३५००००. | ३९५६४०. |
| २११३२ महंगी भत्ता | ५८८२५१. | १२४००००. | २१०००००. |
| २११३३ फिल्ड भत्ता | ७९०२१६. | ९७२०००. | ३२४००. |
| २११३४ कर्मचारीको बैठक भत्ता | ९२१६९०. | २०००००. | ३०००००. |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ८०५५३०. | ६०००००. | ६०००००. |
| २११३९ अन्य भत्ता | ११४२२७५. | ६३६०००. | ९०००००. |
| २११४१ पदाधिकारी बैठक भत्ता | ९८७०००. | ९५४०००. | १००००००. |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ६७३२०००. | ६९१००००. | ८००००००. |
| २११४९ पदाधिकारी अन्य भत्ता | ० | ७२०००. | ० |
| २१२१४ कर्मचारी कल्याण कोष | ० | १००००००. | १००००००. |

| | | | |
|---|---|---|---|
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ० | ० | १२५०००. |
| २२१११ पानी तथा बिजुली | २५४१८९. | ४३००००. | ६१६४००. |
| २२११२ संचार महसुल | ८१४०४५. | ८१००००. | ८९३०००. |
| २२२११ इन्धन (पदाधिकारी) | ४८३९४२. | ० | १००००००. |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १७४४७४९.८ | ४१२००००. | ३५८७८००. |
| २२२१३ सवारी साधन मर्मत खर्च | ४७५५७८०. | ३५४००००. | २८३८०००. |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ३६२३६२. | ४०००००. | ५०००००. |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ६८९४९२. | ६६००००. | १०५००००. |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ४२७५७०. | २०००००. | ५०९५०६. |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ५३१७१५७. | २८६५०००. | ३४९००००. |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | १२४३००. | १५०००००. | ३०००००. |
| २२३१४ इन्धन - अन्य प्रयोजन | २२४९४०२.४१ | ५००००. | ५००००. |
| २२३१५ पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | २३७३२६१. | १३६००००. | १७३००००. |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ५९२२५३. | ५४९०००. | ६१४००. |
| २२४११ सेवा र परामर्श खर्च | ३७५०००. | ६५००००. | ५०००००. |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५००००. | ७००००. | ० |
| २२४१३ करार सेवा शुल्क | १८३२१६३७.८१ | १८५३२४५२. | ५६३८२४४८. |
| २२४१९ अन्य सेवा शुल्क | ० | ० | ० |
| २२५११ कर्मचारी तालिम खर्च | ३३२७५४. | ५००००. | २०००००. |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५१४४६७. | ४६६६००. | ८९००००. |
| २२५२२ कार्यक्रम खर्च | ५६४२६५३५.०९ | १७१०६७३१८. | १३५२६२७००. |
| २२५२९ विविध कार्यक्रम खर्च | ४४२९६५७. | ३४१६३४६. | १५२००००. |
| २२६११ अनुगमन मूल्यांकन खर्च | ३०६४००. | ४०००००. | ६१२७४७. |
| २२६१२ भ्रमण खर्च | २४४५२५९.८ | १६२००००. | २८४४४००. |
| २२६१९ अन्य भ्रमण खर्च | ० | ३००००. | ० |
| २२७११ विविध खर्च | १८८७५८७. | १७६४१३२. | १६२९०००. |
| २२७२१ सभा सञ्चालन खर्च | १९९९००. | ४५००००. | ५०००००. |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ६३५६००. | ८०००००. | ३२२०००. |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ० | ० | २२००००. |
| २५३१५ अन्य सस्था सहायता | २२७०००. | ५०००००. | ५०००००. |
| २६३३२ सशर्त अनुदान (चालु) | ० | ८२६७८०००. | १३०००००. |
| २७१११ सामाजिक सुरक्षा | ० | ० | १०००००. |
| २७२१२ उद्दार राहत तथा पुनर्स्थापना खर्च | १३७५०००. | २१०००००. | ६०००००. |
| २७२१३ औषधीखरिद खर्च | ४१८२७६१. | ११४६९५७. | २२१००००. |
| २८१४२ घरभाडा | १३८२०५८. | १०२६०००. | १५००००. |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ४१७८५९. | ६६००००. | ५६६०००. |
| २८२१९ अन्य फिर्ता | ११०५१०. | ० | २३०००००. |
| २८९११ भैपरी आउने चालु खर्च | ० | ० | १४२००००. |
| पूंजीगत | १४४०९२९४२. | १६२००६६९५. | ११०९९४०००. |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | २३८४२६८१. | ४१४००००. | १३०००००. |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | २६७५८४९. | १४०४५०००. | ४४५००००. |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ५४२५९२. | ८९८५०००. | ९०४०००. |
| ३१११४ जग्गा विकास कार्य | ३०००००. | २०००००. | ० |
| ३११२१ सवारी साधन | ० | ० | १९५००००. |
| ३११२२ मेशिनरी तथा औजार | २७३१३३८. | ३३५००००. | ३१०००००. |

| | | | |
|---|---|---|---|
| ३११२३ फर्निचर तथा फिक्चर्स | २४४३१४९. | १५००००० . | ७००००० . |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | १७०६९३९. | १६२०००० . | १००००० . |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | ३५०००० . | ५०००० . | ० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ० | ० | १४०००० . |
| ३११३५ पूँजीगत परामर्श खर्च | ४६००००० . | २५३०००० . | ११७०००० . |
| ३११५१ सडक तथा पूल निर्माण | २६८७४२९३. | ३०६८५००७. | ३४५७०००० . |
| ३११५२ रेलमार्ग तथा हवाई मैदान निर्माण | ० | १००००० . | ० |
| ३११५३ विद्युत संरचना निर्माण | ११४६५९६. | ५००००० . | ७०००० . |
| ३११५५ सिंचाई संरचना निर्माण | ५८३१४३२०. | ३९१४३१४६. | १५३९४००० . |
| ३११५६ खानेपानी संरचना निर्माण | १७४०००४. | १७९५००० . | २२३०००० . |
| ३११५७ वन तथा वातावरण संरक्षण | १३३४४९८. | ३५०००० . | १००००० . |
| ३११५८ सरसफाई संरचना निर्माण | ५८२००० . | २३५००० . | ३५०००० . |
| ३११५९ अन्य सार्वजनिक निर्माण | १२८१९१०८. | ५०१५१०५७. | ४३६३६००० . |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १४४१७७८. | ११५०००० . | ७८०००० . |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ६४७७९७. | ८२७४८५. | ५०००० . |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ० | ६५०००० . | ० |
| बजेट बचत (+)/न्यून | २२०८९५८१.६६ | -६४७४००० . | -१०५५००० . |
| गत वर्षको नगद मौज्दात | | ६४७४००० . | १०००००० . |